## CCMC निर्देशक समिति

## निर्णयहरू

बैठक संख्याः २०

मिति २०७७/१२/०५ गते

१. नेपाल सरकार र भारत सरकारबीच भएको Nepal-India motor Vehicle Agreement अनुसार Nepal-India Cross Border Transport Facilitation Joint Working Group (CBTFJWG) ले तय गरेको १३ (तेह्र ) वटा रुटहरूमा **विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको सुरक्षा तथा क्वारेन्टिन सम्बन्धी आदेश २०७७** पालना गर्ने गरी ७२ घण्टा भित्रको PCR NEGATIVE REPORT लगायतका जन-स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना हुने सुनिश्चिततासहित क्रस बोर्डर यातायात पुनः सुचारु हुने व्यवस्था मिलाउने।

२. भारतीय यात्रुहरूले आफूले प्रयोग गरी ल्याएका सवारीसाधनहरू **विदेशबाट नेपाल आगमन हुने यात्रुहरूको सुरक्षा तथा क्वारेन्टिन सम्बन्धी आदेश २०७७** पालना गर्ने गरी ७२ घण्टाभित्रको PCR NEGATIVE REPORT लगायतका जन-स्वास्थ्य सम्बन्धी मापदण्डको पूर्ण पालना हुने सुनिश्चिततासहित नियमानुसार अस्थायी पैठारी गर्ने व्यवस्था मिलाई स्थल नाकाहरूमा सहज आवतजावतको व्यवस्था मिलाउने र पारस्परिक यातायात सञ्चालनमा भारतीय पक्षसँग समन्वय गर्दै जाने।

२०७७/१२/०५
खगराज बराल
सचिव

ईश्वर पोखरेल
उपप्रधानमन्त्री

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरबार, काठमाडौं